# Mobile Device Management System (MDMS) पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने सम्बन्धी नेपाल दूरसञ्चार प्राधिकरणको अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०७९/०९/०९)

मोबाइल सेटको गैरकानूनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरूत्साहित गरी थप व्यवस्थित गर्न, चोरी भएका तथा हराएका मोबाइल सेटको ट्रयाकिङ/ब्लकिङ गर्न नेपाल दूरसञ्चार प्रधिकरणले परीक्षणको रूपमा लागू गरेको Mobile Device Management System (MDMS) २०७९ पौष १५ गते देखि पूर्ण रूपमा कार्यन्वयनमा आउने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।विदेशबाट आउने नेपालीहरूले निजी प्रयोगका लागि आफ्नो साथमा ल्याएका (MDMS प्रणालीमा दर्ता नभएका वा नेपालमा मिति २०७९ भाद्र भन्दा अगाडि प्रयोगमा नरहेका) मोबाइल सेटहरूको (१५ Digit को IMEI नम्बर सहितको) भन्सार घोषणा गरी भन्सार ऐन, २०६४ अनुसार भन्सार कार्यालयबाट प्रज्ञापनपत्र लिई प्रणालीमा अद्यावधिक गर्नुहुन अनुरोध छ। नियमानुसार भन्सारमा घोषणा नभएको मोबाइल फोन सेट मिति २०७९ पौष १५ गते देखि दर्ता नगरीने र यस्ता मोबाइल सेट सञ्चालनमा समेत रोक लगाईने हुँदा व्यक्तिगत प्रयोजनका लागि ल्याइएका मोबाइल सेटहरू प्रज्ञापनपत्र सहित राहदानि/नागरीकता/राष्ट्रिय परिचयपत्रको आधारमा मात्र mdms.nta.gov.np मा गई दर्ता गर्न अनुरोध गरिन्छ।

नेपाल भित्रै मोबाइल खरिद गर्दा उक्त मोबाइल सेट नेपाल दूरसञ्चार प्राधिकरणको MDMS प्रणाली (mdms.nta.gov.np) मा दर्ता भए/नभएको एकिन गर्न सकिने हुँदा सोही अनुरूप एकिन गरेर मात्र खरिद गर्नु हुनका साथै मोबाइल आयातकर्ता/बिक्रेताहरूले मोबाइल आयात गर्नु अघि अनिवार्य रूपमा प्राधिकरणको पूर्व स्वीकृति लिई प्राधिकरणमा दर्ता भएका मोबाइलमात्र बिक्री वितरण गर्नुहुन समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

**नेपाल दूरसञ्चार प्राधिकरण**

जमल, काठमाडौं, नेपाल

फोन नं. ९७७-१-५३५५४७४/५५३४७१७

ईमेल: info@nta.gov.np

वेवसाईट: www.nta.gov.np